**कारोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ जेठ ५ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले जेठ ५ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** लकडाउनका कारण नाका बन्द हुँदा गएको ६ दिनदेखि चार जना नेपली नागरिक भारतमै किरिया गर्न बाध्य भएका छन् । सुर्नया गाउँपालिका - ३ का राजेन्द्रप्रसाद भट्ट र तारा भट्टका बुवा देवदत्त भट्टको गत वैशाख ३१ गते मृत्यु भएको भए पनि भारतमा मजदुरी गर्न गएका उहाँहरु नक बन्द हुँदा भारतको झुलाघाटमै किरिया गर्न बाध्य भएका हुन् । यसैगरी पुर्चौडी नगरपालिका - ७ का ठगी साँउदकी आमा भुरी साँउदको पनि जेठ १ गते मृत्यु भएको भएपनि नाका सिल हुँदा ठगी झुलाघाटमै किरिया गर्न बाध्य भएका छन् । सिगास गाउँपालिका - ९ का कृष्णसिंह धामीकी पत्नी कलावती धामीको गत वैशाख ३० गते मृत्यु भएपनि कृष्णले पनि स्वदेश फर्कन पाएका छैनन् । उहाँहरुले आफूहरुलाई स्वदेश फिर्ताको लागि पहल गरिदिन सम्बन्धित सबैलाई आग्रह गर्नु भएको छ । उहाँहरुले झुलाघाटस्थित जिआइसी क्वारेन्टाइनमा किरिया गरिरहेका भारतीय पत्रकार प्रमोदकुमार भट्टले जानकारी दिनुभयो । प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले नेपाल सरकारले किरीयापुत्रीहरुको उद्धारका लागि आदेश आइसकेको भए पनि भारतीय पक्षले ढिलाई गरिरहेकोले तत्काल उद्धार गर्न नसकिएको बताउनु भयो । उहाँले भन्नु भयो- ‘ हामीले पिथौरागढको डिएम साबलाई चार दिन अगाडी नै पत्र काटिसकेका छौं । भारतीय पक्ष सहमत भएका आफूहरु नाका खोली उहाँहरुलाई स्वदेश भित्र्याउन चायर छौं । ’ यसअघि लकडाउनकै बेला वैशाख १० गतेपनि तीन जना किरियापुत्रीको झुलाघाट नाकाबाट उद्धार गरिएको थियो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** हालसम्म १ हजार २ सय ७० जनाको कोरोना भाइरसको परीक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालय, अछामका सूचना अधिकारी देवदत्त जोशीले जानकारी दिनुभयो । हालसम्म २ सय ६९ जनाको पीसीआर र १ हजार १ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) मार्फत कोरोनाको परीक्षण गरिएकोमा आरडीटी परीक्षण रिपोर्ट नेगेटिभ आएको र पीसीआर परीक्षण गरिएकोमध्ये २ सय ६३ जनाको रिपोर्ट नेगेटिभ आएको र तीन जनाको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालय अछामका सूचना अधिकारी जोशीले जानकारी दिनुभयो । जोशीका अनुसार जिल्लामा आरडीटी किट अभावका कारण केहीदिन रोकिएको परीक्षण जेठ ४ गत प्रदेश सरकारले २ सय ४० किट पठाएपछि पुनः सुचारु भएको जोशीको भनाइ छ । क्वारेन्टाइनमा बसेकाहरुको परीक्षण पश्चात स्थानीय तहमा अन्य शङ्कास्पद व्यक्तिलाई परीक्षण गर्न आवश्यक भएकोले हाल पठाइएको किट प्रयाप्त नभएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।
कारोना भाइरस सङ्क्रमण रोक्न तुर्माखाँद गाउँपालिकाले अत्यावश्यक कामका लागि पनि एक वडाबाट अर्को वडामा जान सिफारिस लिनु पर्ने व्यवस्था गरेको छ । भारत लगायत जिल्ला बाहिरबाट मानिस घर आउन सक्ने भन्दै उहाँहरुको आवतजावतमा रोक लगाउन सो निर्णय गरिएको गाउँपालिका अध्यक्ष पुष्पराज शर्माले बताउनु भयो । अत्यावश्यक कामका लागि सम्बन्धित वडाले सिफारिस दिनु पर्ने छ । गाउँपालिका क्षेत्रभित्र रहेका खाद्य लगायतका आवश्यक वस्तुका पसल बिहान ८ देखि १० बजेसम्म मात्र खुल्ला गरिने भएको छ । लकडाउनको प्रभावकारी कार्यान्ववयनका लागि टोलस्तरमै बढीमा सात सदस्यीय स्वयमसेवक परिचालन गरिने भएको गाउँपालिका अध्यक्ष शर्माले जानकारी दिनुभयो । खाद्य,

निमार्ण सामग्री ल्याएर गाउँपालिका प्रवेश गर्ने सवारी चालक र सहचालकलाई सेल्फ क्वारेन्टाइनमा राखिने भएको छ । तुर्माखाँद गाउँपालिका विपद व्यवस्थापन समितिको बैठकले वडा तहमा अनावश्यक हिडडुल गर्न समेत नपाउने निर्णय गरिएको गाउँपालिका अध्यक्ष शर्माको भनाइ छ ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** बोगटान फुड्सिल गाउँपालिकाले भारतमा रहेका नेपालीहरु स्वदेश फर्किन थालेपछि उनीहरुको व्यवस्थापनका लागि ४ सय जनाको क्षमता भएको क्वारेन्टाइन स्थापना गर्ने निर्णय गरेको छ । कोरोना व्यवस्थापन सम्बन्धि उच्च स्तरीय समितिको बैठकले भारत तथा गाउँपालिका भन्दा बाहिरबाट आएकाहरुलाई क्वारेन्टाइनमा राख्नका लागि निर्णय गरेको गाउँपालिकाका अध्यक्ष कमलबहादुर गड्सीलाले बताउनु भयो । प्रत्येक वडामा स्वास्थ्य संस्था नजिक रहेको विद्यालयमा २० ओटा आइसोलेशन बेड बनाउने निर्णय भएको अध्यक्ष गड्सीलाले बताउनु भयो । ‘बाहिरबाट आएकाहरुको विवरण समेत संकलन गरिने छ’ उहाँले भन्नु भयो , ‘व्यवस्थापन र सुरक्षाका लागि स्वयमसेवक परिचालन गरिने छ ।’ विद्यालय भवन, गाउँमा रहेका खाली घरमा क्वारेन्टाइनका लागि गाउँपालिकाले तयारी थालेको छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्रसिंह कार्कीका अनुसार** महाकाली नगरपालिकाले जनतासँग नगर प्रमुख कार्यक्रम अन्तर्गत नगरपालिकाभित्र रहेका दिर्घरोगीहरुलाई औषधि वितरण गर्ने भएको छ । नगरपालिकाले नौ ओटै वडाहरुबाट जेठ ५ गतेदेखि तथ्याङ्क सङ्कलन गरी मुटु रोग, उच्च रक्तचाप, सुगर, मानसिक रोग, दम रोगका बिरामीहरुलाई घरघरमै गएर औषधि वितरण गर्ने कार्यक्रम रहेको महाकाली नगरपालिकाका प्रमुख हंसराज भट्टले जानकारी दिनुभयो । नौ ओटै वडाबाट जेठ ५ गतेदेखि जेठ ११ गतेसम्म  दिर्घरोगीहरुलाई वडा कार्यालयमा नामदार्ता गराउन नगरपालिकाले आग्रह गरिको छ ।

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को सङ्क्रमणबाट बच्नका लागि जिल्ला अस्पताल,दार्चुलाले उच्च सतर्कता र सावधानी अपनाउन सबैमा आग्रह गरेको छ । देश ५६ दिनदेखि लकडाउनमा रहेको बेला अनावश्यक रुपमा अस्पतालमा आएर भीडभाड नगर्न सार्वजनिक अपिल गरिएको छ । कोरोना सङ्क्रमणको आशङ्कामा  सामान्य मानिस पनि अस्पतालमा स्वास्थ्य परीक्षण गर्न आउन थालेपछि अस्पतालमा भीडभाड बढेको भन्दै अस्पतालले ’गम्भिर’ सिकिस्त बिरामी पर्दा र कोरोनाको लक्षण देखिएमा मात्र अस्पतालमा आउन अस्पताल प्रशासनले आग्रह गरेको जिल्ला अस्पताल दार्चुलाका डाक्टर गजेन्द्र दुवालले  जनाकारी दिनुभयो । अस्पताल नआई नहुने विरामी र आफन्तले पनि स्वास्थ्य परीक्षणका लागि अस्पताल आउँदा एकान्तमा बस्ने, माक्सको प्रयोग गर्ने, दुरी बनाएर उभिने गर्न अस्पतालले आग्रह गरेको डाक्टर दुलालको भनाइ छ ।
गत वैशाख १८ गते भारतमा काम गरी पुलघाटबाट नेपाल प्रवेश गरेका मालिकार्जुन गाउँपालिका -८ शंकपरपुरका ६ जनामा जेठ ५ गते र्‍यापिड टेष्ट गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको गाउँपालिका स्वास्थ्य संयोजक गुणराज ओभ्काले जानकारी दिनुभयो ।  जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाले जनाएको छ । उहाँहरु गाउँपालिकाले तयार गरेको क्वारेन्टाइनमा बस्दै आउनु भएको ओभ्काले बताउनु भयो ।
जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाले २ सय ७० थान किट गाउँपालिकामा पठाएकोमा जेठ ५ गतेसम्म २ सय १४ किट प्रयोग भएको र ४० थान किट बैतडीको दिलाशैनी गाउँपालिकालाई सहयोग गरेको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख ओभ्काले जानकारी दिनुभयो । गत चैत ५ गते यता भारत तथा तेस्रो

मुलुकबाट आएका तथा होम क्वारेन्टाइनमा बसेका व्यक्तिहरुमा कोरोना परीक्षणका लागि आरडीटी परीक्षण  भइरहेको स्वास्थ्य कार्यालय दार्चुलाले जनाएको छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** गौरीगंगा नगरपालिका -७ मसुरिया निवासी सोही नगरपालकास्थित जनप्रिय माध्यमिक विद्यालयमा तयार गरिएको क्वारेन्टाइनमा रहेका एक जनाको जेठ ४ गते आरडीटी परीक्षण गरिएकोमा पोजेटिभ रिपोर्ट आएको मसुरीया स्वास्थ्य चौकी इन्चार्ज भागिराम चौधरीले बताउनु भयो । उहाँको थ्रोट स्वाब सङ्कलन गरी धनगढी पठाइएको र रिपोर्ट आउन बाँकी रहेको चौधरीको भनाइ छ ।  ती युवक गत वैशाख २३ गते बाग्लुङ्गबाट मसुरीया आएका थिए ।
**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**